# फागुनबाट स्कुल खोल्न सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय मुलुकभर कोरोना भाइरसको संक्रमण कम हुँदै गएपछि बन्द गरिएका विद्यालय तथा कलेजहरू खोल्ने बारेमा छलफल सुरु भएको छ। कोरोना भाइरसको संक्रमण कम हुँदै गएपछि विद्यालय तथा कलेजहरू भौतिक उपस्थितिमा सञ्चालन गर्ने विषयमा छलफल थालिएको छ। भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने विषयमा आवश्यक गृहकार्यसमेत थालिएको हो।

कोभिड संकट व्यवस्थापन केन्द्र (सिसिएमी)ले शुक्रबार शिक्षा क्षेत्रका अधिकारी र सरोकार भएकाहरूसँग भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने विषयमा छलफल गरेको छ। सिसिएमसीले सरोकारवालाहरूसँग आगामी १ फागुनदेखि विद्यालय सञ्चालन गर्ने बारेमा सुझाव संकलन गरेको हो। प्राप्त सुझावका आधारमा आगामी आइतबार राज्यमन्त्री उमेश श्रेष्ठको उपस्थितिमा सिसिएमसीको बैठक गरेर थप सिफारिस गरिने भएको छ।

सिसिएमसीका प्रमुख एवं प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालयका सचिव रामप्रसाद थपलियाको उपस्थितिमा भएको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव दीपक शर्मा, गाउँपालिका राष्ट्रिय महासंघका महासचिव वंशीलाल लामा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का अध्यक्ष टीकाराम पुरी, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएशन (नेशनल प्याब्सन) का अध्यक्ष ऋतुराज सापकोटा, अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारी, नेपाल शिक्षक महासंघका अध्यक्षा कमला तुलाधरलगायतको सहभागिता थियो।

नेशनल प्याब्सनका अध्यक्ष सापकोटाका अनुसार आधारमा आगामी १ फागुनदेखि विद्यालय खोल्ने विषयमा सिसिएमसी र सरकारले ठोस निर्णय लिनुपर्ने सुझाव दिइएको छ। यही २५ माघसम्म कोभिडविरुद्धको खोप लगाउन योग्य र छुटेका बालबालिकालाई खोप उपलब्ध गराउन पनि बैठकले निचोड निकालेको छ।

काठमाडौंलगायत विभिन्न जिल्ला प्रशासन कार्यालयले यही माघ मसान्तसम्म शिक्षालयलगायत सेवा बन्दको आदेश जारी गरेका छन् तर गोकर्णेश्वरलगायत नगरपालिकामा आफुखुसी विद्यालय खोल्न थालिएको छ। गोकर्णेश्वर नगरपालिका भित्रका विद्यालय आगामी आइतबारदेखि खुल्ने निर्णय भइसकेको छ। नगरपालिकाले सूचना जारी गर्दै विद्यालय खुल्ने जानकारी दिएको हो।

नगरपालिकाले नगरभित्रका सबै विद्यालय भौतिक दूरीसहित स्वास्थ्य मापदण्ड पूरा गरी सञ्चालन गर्न अनुरोध गरेको छ। मापदण्ड पूरा गरे/नगरेको अनुगमन गर्ने नगरपालिकाका शिक्षा, स्वास्थ्य तथा खेलकुद शाखाका उपसचिव विजयप्रसाद आचार्यले जानकारी दिएका छन। विद्यालय सम्बद्ध विभिन्न पेशागत संघ संगठनको मागअनुसार कक्षा सञ्चालन गर्ने निर्णय गरिएको सूचनामा उल्लेख छ। स्थानीय तहले आफूखुसी विद्यालय सञ्चालन गर्ने निर्णय गर्न थालेपछि पनि सिसिएमसीलाई यससम्बन्धमा निर्णय गर्नका लागि दबाब परिरहेको छ। यसअघि विद्यालय बन्द गर्ने निर्णय गर्दा सरकारको आलोचना भएको थियो। अन्य भिडभाड हुने क्षेत्र खुलै राखेर विद्यालयमात्र बन्द गर्ने निर्णय ठीक नभएको भन्दै आलोचना भएको थियो। सरकारले विद्यालय तथा शिक्षण संस्थाहरूबाट मात्र कोरोना सर्नेजस्तो गरी व्यवहार गरेको भन्दै विद्यालय बन्द गर्ने निर्णयको आलोचना भएको थियो।

# भरतपुरमा शिक्षक अस्पताल

■ प्रभाव संवाददाता

**काठमाडौं–** भरतपुरमा शिक्षकका लागि शिक्षक अस्पताल बन्ने भएको छ। उक्त स्थानमा अस्पताल बनाउनका लागि मन्त्रिपरिषद बैठकको स्वीकृतिसमेत दिइएको छ। गत सोमबार बसेको मन्त्रिपरिषद बैठकले अस्पताल निर्माणका लागि सैद्धान्तिक सहमति दिएपछि भरतपुरमा शिक्षकका लागि छुट्टै शिक्षक अस्पताल बनाइने निश्चित भएको हो। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको सचिवालयका अनुसार शिक्षक अस्पताल भरतपुर महानगरपालिका वडा नम्बर १५ भगवानपुरमा बनाउने निर्णय भएको छ।

मन्त्रिपरिषदले सैद्धान्तिक स्वीकृति दिएकोसमेत मन्त्री पौडेलको सचिवालय स्रोतले जानकारी दिएको छ। स्वीकृतिसँगै सो अस्पताल बनाउने सरकारले तयारी गरेको छ। शिक्षक अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन समितिले केही दिनअगाडि शिक्षामन्त्री पौडेललाई भेटेर चितवनमा अस्पताल बनाउन उपयुक्त हुने सुझाव दिएका थिए। उनले मन्त्रिपरिषदमा शिक्षक अस्पताल भरतपुरमा बनाउने प्रस्ताव लगेका थिए।

कर्मचारीका लागि निजामति अस्पताल र शिक्षकका लागि शिक्षक अस्पताल बनाउँदै जाने, तर सरकारी अस्पतालमा सेवा/सुविधा थप गर्नेमा ध्यान नदिइएको भन्दै आलोचनासमेत हुने गरेको छ।

**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

प्रथमपटक प्रकाशित मिति : २०७८/१०/२२ गते

यस कम्पनीको मिति २०७८/०७/२८ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **अरुण टिम्बरल्याण्ड प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **प्लस फाईबर कम्यूनिकेशन नेटवर्क प्रा.लि**. नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/१०/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्लस फाईबर कम्यूनिकेशन नेटवर्क प्रा.लि. (प्रा.लि.नं.१५०३३२)** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

प्रथमपटक प्रकाशित मिति : २०७८/१०/२२ गते

यस कम्पनीको मिति २०७७/१०/०८ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **समु एग्रिकल्चर फर्म प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **प्रिमियम रेसिडेन्स प्रा.लि**. नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/१२/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्रिमियम रेसिडेन्स प्रा.लि.(प्रा.लि.नं.२२५७४३)** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

प्रथमपटक प्रकाशित मिति : २०७८/१०/२२ गते

यस कम्पनीको मिति २०७८/०७/२८ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **कोशी टिम्बरल्याण्ड प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **मकालु कोलोनी प्रा.लि** नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०९/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्लस मकालु कोलोनी प्रा.लि (प्रा.लि.नं.१५०३३४)** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

# महामारीमा महिला हिंसा वृद्धि

**काठमाडौं–** कोभिड-१९को महामारीका बेलामा पनि महिला विरुद्धको हिंसाका घटनामा वृद्धि भएको छ। राष्ट्रिय महिला आयोगमा पदाधिकारीको एक वर्ष पुगेको अवसरमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा यही २ देखि २० माघसम्म मात्र २९४ वटा महिलाविरुद्ध भएका घटना दर्ता भएको जानकारी दिइएको हो।

आयोगका अध्यक्ष कमला पराजुलीले यही माघ महिनामा भौतिकहपमा उपस्थित भएर घटना दर्ता गराउनेको मात्र तथ्यांक भएको र टोल फ्री नम्बरबाट पनि त्यतिकै घटनाका उजुरी दर्ता भएको बताएका छन्। आयोगले गम्भीर प्रकृतिका घटना स्थलगत अनुगमन गरी नेपाल सरकारलाई सुझाव प्रदान गरी पीडितलाई सहयोगसमेत प्रदान गरेको छ। सातै प्रदेशका विभिन्न जिल्लामा गई विभिन्न सेवा प्रदायक निकायको अनुगमन गरेको छ।

एक वर्षमा भएका हिंसाका घटनामा आयोगले सहयोग गरेको छ। त्यसमा गोदावरीमा मट्टितेल खन्याई जलाइएकी मुना मगरलाई लैंगिक हिंसा निवारण कोषबाट रु पाँच लाख उपलब्ध गराइएको छ। डोटीमा मट्टितेल खन्याई जलाइएकी लक्ष्मी भाटलाई लैंगिक हिंसा निवारण कोषबाट रु पाँच लाख उपलब्ध गराइएको छ भने बलात्कारको प्रयास भएकी महिलालाई सोही कोषबाट रु तीनलाख उपलब्ध गराइएको छ। रासस

## Invitation for Bids

Sundarharaincha Municipality
Office of Municipal Executive
Biratchowk, Morang,
**Province No. 1, Nepal**

**सूचना सच्याईएको बारे**

मिति २०७८।१०।१६ मा प्रकाशित सूचनाको Table मा तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**सूचना प्रकाशित मिति २०७८।१०।२२ गते**

| S.N. | Contract ID | Description of Task | Estimated Amount (without VAT) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SHM/MOR/SQ/G-27/2078/079 | Supply & Delivery of Mask, PPE, Sanitizer and Antigen Test Kit | 1725500 | 1000 | 52650 | 2078-11-02 12:00PM | 2078-11-02 01:00 PM | SQ |
| 2 | SHM/MOR/SQ/G-28/2078/079 | Supply & Delivery of Tablets | 1769900 | 1000 | 54000 | 2078-11-02 12:00PM | 2078-11-02 01:00PM | SQ |
| 3 | SHM/MOR/NCB/G-29/2078/079 | Supply & Delivery of CCTV Camera | 4862904 | 3000 | 151500 | 2078-11-18 12:00PM | 2078-11-18 01:00PM | NCB |

Chief Administrator Officer

# आजको राशिफल

**ज्योतिषाचार्य रोदना घिमिरे**
**उपप्राध्यापक**

आज मिति २०७८ साल माघ २१ गते शुक्रबार तृतीया तिथि माघशुक्लपक्ष : सुर्योदय : ६: ५१ सुर्यास्त : १७: ४५ तारिख ४ ।

| | |
|---|---|
| **मेष** | धार्मिक कार्यमा सक्रिय सहभागिता हुंन सक्नेछ। |
| **वृष** | विशिष्ट व्यक्तित्वहरूसंग भेट गर्ने मौका मिल्न सक्छ। |
| **मिथुन** | नाता कुटुम्बसंग विवाद पर्दा मन खिन्न हुनेछ। |
| **कर्कट** | पठन पाठनका क्षेत्रमा विशेष रुचि बढ्नेछ। |
| **सिंह** | मान सम्मान पाउँदा मन हर्षित हुनेछ। |
| **कन्या** | मित्रजनबाट सहयोग पाउँन कठिन हुनेछ। |
| **तुला** | लक्ष्मीका कृपाले धन लाभ हुंन सक्नेछ। |
| **वृश्चिक** | स्वास्थ्यमा समस्या आईपर्न सक्छ सचेत रहनुपर्ला। |
| **धनु** | राज्यको पक्षबाट भय को सामना गर्नुपर्ने हुंनसक्छ। |
| **मकर** | नयाँ नयाँ ठाउँको यात्रा गर्ने मौका मिल्न सक्छ। |
| **कुम्भ** | आफु बसेको ठाउँबाट अर्को ठाउँमा जानुपर्ने हुंनसक्छ। |
| **मीन** | मिष्ठान्न भोजन प्राप्त हुंदा मन खुशि हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| हृयाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ २१ गते, २०७८, ४ फेब्रुअरी २०२२)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।